नेपाल सरकार
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य सेवा विभाग**
**मध्य पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय**

# जिल्ला स्वास्थ्य कार्यालय, जाजरकोट

फोन न.०८९-४३०१२०
फ्याक्स न.०८९-४३०१२०
ईमेलःdhojajarkot2072@gmail.com

पत्र सं :-२०७४/०७५
चलानी नं ९४५

मितिः२०७४/०९/२५

**श्री मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय,सुर्खेत**

**विषयः जानकारी Update गरिएको सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा यस जाजरकोट जिल्लामा फैलिएको मौसमी रुघाखोकीको out break प्रगति तपशिल वमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**स्थानः**जुनीचाँदे गाउपालीका

- वडा नंःवडा नं.१(वड्कुले,कारीगाउ,छाना,काप्रा)
- वडा नं.२(भैरव टोल,फापरवया टोल)

**रिपोटिगं मितिः**२०७४।०९।२५

**उपचारको अवस्थाः**

जाँच गरिएका रुघाखोकीका जम्मा विरामी सख्यां:२१३

**स्वास्थ्यकर्मी परिचालनः**

**टोली संख्याः** ४ ( १०जना) वटा

**स्थानः** आली ,देशीपाटा,भैरव टोल र मजकोट स्वास्थ्य चौकी

**वैठक तथा समन्वयः**

- थप उपचारका लागि जाजरकोट अस्पतालवाट मेडिकल अधिकृत डा.भुपेन्द्र मल्ल सहित ५ जना स्वास्थ्यकर्मीको टोली आवश्यक थप औषधी सहित प्रभावित क्षेत्र पठाईएको
- व्यवस्थित रुपमा out break response का लगि जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत कर्मचारीहरुको RRT को मिटिगं मार्फत कार्य विभाजन
- म.प.क्षे.मेडिकल स्टोरवाट औषधी प्राप्त भई प्रभावित क्षेत्रमा पठाईएको
- ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखावाट ज.स्वा.अ.राम सुन्दर यादव,ल्या.टे.डवल वि.सी. तथा म.प.क्षे.स्वा.नि वाट स्वास्थ्य शिक्षा अधिकृत प्रकाशराज शर्मा,भे.क.अ.श्यामलाल आचार्य खटिई आउनुभएका प्रतिनिधिहरुसंग समन्वयात्मक वैठक वसी थप कार्ययोजना तयारी
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानवाट वाल रोग विशेषज्ञ सहितको मेडिकल टिमका लागि अनुरोध गरिएको

**स्वास्थ्य शिक्षा तथा परामर्शः**

**पम्पलेट वितरणः**रेडक्रसको सहयोगमा पम्पलेट प्रभावित क्षेत्रमा पठाईएका साथै एफ एम रेडियो मार्फत मौसमी रुघाखोकीको वारेमा सन्देश प्रशारण

**आगामी योजनाः**

- मिति २०७४।०९।२६ गते वाट मेडिकल अधिकृत सहितको ६ स्थानमा मेडिकल टोली परिचालन हुने
- केन्द्र तथा क्षेत्रवाट खटिई आउनुभएका प्रतिनिधिहरुको टोली आवश्यक सामाग्री सहित प्रभावित क्षेत्रमा पठाईने
- मिति २०७४।०९।२६ DDRC को वैठक वस्ने
- स्वास्थ्य चौकी सुवानाउलीमा वफर स्टकको रुपमा औषधी राख्ने

.......................
राम वहादुर नेपाली
**जिल्ला स्वास्थ्य प्रमुख**